सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

## खण्डः ७, संख्याः १०, भागः २

सिलीचोङ गाउँपालिका

ताम्कु, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल।

# पाँच वर्षे रोजगार रणनीतिक योजना

## आर्थिक वर्ष

## (२०८१/०८२-२०८५/०८६)

*कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८१/०२/३२*

## खण्ड -१
## रणनैतिक सन्दर्भ

### १. पृष्ठभूमि

नेपालको संघीय संरचना तीन तहको रहेको छ। तीनै तहका सरकारहरुलाई श्रम तथा रोजगारी सम्बन्धी संवैधानिक अधिकार प्राप्त छ। सबै तहका सरकारहरुले बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ। स्थानीय तहले आफ्नो क्षेत्रभित्र रोजगारीका सम्भावित अवसरहरुको पहिचान गरि रोजगारीको मागको प्रक्षेपण र आपूर्तिको अनुमान गरी माग र आपूर्ती बीच सन्तुलन कायम गर्न तथा रोजगारीका थप अवसरहरुको सिर्जना गर्न जरुरी रहेको छ। श्रम तथा रोजगारी अन्तरसम्बन्धित भएकोले मुलुकको समग्र आर्थिक अवस्था, रोजगारीका क्षेत्रमा हुने विकास, काम र श्रमिक प्रतिको हेर्ने दृष्टिकोणले पनि यस क्षेत्रलाई प्रभाव पार्ने गरेको देखिन्छ । देशमा उपलब्ध आन्तरिक रोजगारीका अवसरहरुमा बेरोजगार व्यक्तिहरुलाई आकर्षित गर्न काम प्रतिको सम्मान र कार्य गर्ने मर्यादित वातावरण सृजना गर्न सकिएमा देशको श्रम तथा रोजगारीका क्षेत्रमा नेपाली बेरोजगार व्यक्तिहरुलाई नै संलग्न हुने अवस्था रहन्छ ।

नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप श्रमशक्ति श्रम बजारमा प्रवेश गर्ने गर्दछन् । नयाँ श्रमशक्तिको लागि पर्याप्त रोजगारीका अवसर सृजना हुन नसकेका कारण श्रमको माग र आपूर्ति बीच ठूलो अन्तर रहेको देखिन्छ। नेपालको आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्यून रहेको छ । श्रम बजारमा प्रवेश गर्ने व्यक्तिको संख्याभन्दा कमै मात्रामा रोजगारी सिर्जना हुने गरेको अवस्था छ। परिणामस्वरुप अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जान बाध्य हुने गरेका छन् । नेपालमा जातजातिका आधारमा कामको बाँडफाँड गरिएको हुनाले उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरुमा सामाजिक प्रतिष्ठाका कारण युवाहरुलाई आकर्षण गर्न नसकेको अवस्था छ। देशमा आन्तरिक रोजगारीका अवसरलाई व्यवस्थापन गर्न नसकिदा दैनिक करिब १५०० ब्यक्ति वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ। औसतमा ६० प्रतिशत भन्दा बढी घरधुरीबाट कोही न कोही ब्यक्ति वैदेशिक रोजगारीमा रहेको देखिन्छ । नेपालको आन्तरिक श्रम बजारमा श्रमिकको माग आपूर्ति गर्न आवश्यक पर्ने श्रमिकको संख्या, ज्ञान, सीप, योग्यता र अनुभवको आधारमा सीपमूलक श्रमशक्तिको विकास गर्न स्थानीय तहको भूमिका महत्वपूर्ण हुने देखिन्छ।

रोजगारी बहुआयामिक तथा अन्तरसम्बन्धित विषय हो। रोजगारीको आफ्नो कुनै विशेष क्षेत्र हुँदैन। यो विभिन्न क्षेत्रहरूमा सिर्जना हुने हो। रोजगारी सिर्जना कुनै एक तह, क्षेत्र वा कार्यक्रमबाट हुने पनि होईन। यसका लागि त सबै तह, क्षेत्र र कार्यक्रम बीच समन्वय र सहकार्य हुनु आवश्यक छ। गरिबी र रोजगारी अन्तरसम्बन्धित विषय रहेकोले गरिबी बढदा बेरोजगारी बढ्छ, रोजगारी बढ्दा बेरोजगारी घट्छ र यसले गरिबी घटाउन मदत गर्छ। रोजगारीले गरिबी तथा बेरोजगारी दर बीचको संतुलन कायम गरेको हुन्छ । त्यसैले दिगो आर्थिक वृद्धि, गरिबी तथा बेरोजगारी न्यूनीकरणको मुख्य आधार नै उत्पादनशील रोजगारी रहेको छ । उत्पादनशील रोजगारीले मानिसको आयआर्जन क्षमतालाई बढाउँछ र यसले बेरोजगारी तथा न्यून रोजगारलाई कम गर्दछ। शिक्षा र रोजगारी बीचको अन्तरसम्बन्ध पनि एकदम महत्वपूर्ण हुन्छ । शिक्षाले नै स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय श्रम बजारका आवश्यकताहरु परिपूर्ति गर्ने सीपयुक्त दक्ष, सक्षम, प्रतिस्पर्धि जनशक्ति उत्पादन गर्ने काम गर्छ। प्राविधिक र जीवनोपयोगी शिक्षामा पहुँचको कमीका कारण देशमा बेरोजगारी दर बढ्दो क्रममा रहेका छन् ।

रोजगारीसँग अन्तरसम्बन्धित रहेका गरिबी न्यूनीकरण, सीप तथा क्षमताको विकास, रोजगारीका अवसरमा विपन्न वर्गको पहुँच स्थापना गर्ने कार्यमा समेत स्थानीय तहको भूमिका अपरिहार्य रहेको छ । यस गाँउपालिकामा आन्तरिक रोजगारीका सम्भावित अवसरहरु सृजनामा अहम् भूमिका निर्वाह गर्न सक्ने मुख्य सम्भावित क्षेत्रहरु कृषि क्षेत्र, निर्माण क्षेत्र, उत्पादन क्षेत्र, यातायात क्षेत्र, पर्यटन क्षेत्र, उद्यमशीलता विकास र सीप तथा क्षमता विकास हुन् । उक्त क्षेत्रहरुमा के कति लगानी गर्दा वा के कति लगानी वृद्धि गर्दा आन्तरिक रोजगारी अवसरहरु अधिक रुपमा वृद्धि गर्न सकिन्छ। गाँउपालिकाले के केस्तो रणनीति अपनाउँनु पर्छ वा कुन क्षेत्रलाई मुख्य प्राथमिकतामा राख्नु पर्छ । सम्भावित रोजगारीका क्षेत्रहरुमा गरिएको लगानीलाई प्रभावकारी रुपमा परिचालन गर्न सकेमा दीर्घकालमा त्यसले आन्तरिक रोजगारीमा के कस्तो योगदान गर्न सक्छ, त्यसको आंकलन गर्न जरुरी रहेको छ ।

नेपालमा बढदै गएको बेरोजगारी दरमा कमी ल्याउन स्थानीय स्तरमा कृषि, वन, पर्यटनमा आधारित उद्योगधन्दा कलकारखानाको माध्यमबाट थप रोजगारीका अवसरहरु सृजना गर्नु पर्दछ । अदक्ष तथा सीप नभएका बेरोजगार युवाहरुलाई सीपमूलक तालिमको माध्यमबाट दक्ष एवं सीपयुक्त जनशक्ति तयार गरी उद्योग तथा कलकारखानाहरुमा आपूर्ति गरी औधोगिक उत्पादनमा वृद्धि गर्नुको साथसाथै लघु, घरेलु तथा साना उद्योगहरुको माध्यमबाट स्थानीय स्तरमा उपलब्ध

श्रम, सीप, स्रोत र साधनको अधिकतम् परिचालन तथा उपयोग गरी स्थानीय तहभित्रै स्वरोजगारी वा रोजगारीका थप अवसरहरु सिर्जना गर्नु आवश्यक रहेको छ ।

यस गाउँपालिकामा हुने विभिन्न निर्माण क्षेत्रहरुमा आवश्यक दक्ष जनशक्तिको रुपमा काम गर्ने ईलेक्ट्रिसीयन, प्लम्बर, पेन्टर, कारपेन्टर, मैसन, स्काफोल्डर, मार्बल फिटिङ्ग लगायत अन्य श्रमिक मजदुरहरु मध्ये अधिकांश भारतीय मुलुकका रहेका छन् । यी क्षेत्रमा नेपाली श्रमिक मजदुरहरु अदक्ष कामदारको रुपमा काम गर्ने गर्दछन् । यस क्षेत्रमा रोजगारीका सम्भावनाहरु प्रशस्त रहेकोले बजारको मागको आधारमा दक्ष, सीपयुक्त जनशक्ति तयार गरी बजारमा दक्ष जनशक्तिको आपूर्ति गरी भारतीय मुलुकका श्रमिक मजदुरहरुलाई विस्थापित गर्दै जानु पर्ने देखिन्छ । पर्यटन क्षेत्र रोजगारीको प्रचुर सम्भावना तथा मुख्य स्रोतहरु मध्ये एक हो। गाँउपालिकाभित्रको प्राकृतिक, धार्मिक, मौलिक, पुरातात्विक एवं सांस्कृतिक सम्पदा, जल विहार आदि पर्यटनको मुख्य आधार क्षेत्र रहेको छ । यी सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र विविधीकरण गरी नयाँ नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान, विकास, प्रवर्द्धन गर्दै यस क्षेत्रमा थप रोजगारीका अवसरहरु सिर्जना गर्न सकिन्छ ।उद्यमशीलता र उत्पादन स्वरोजगारीको महत्वपूर्ण साधनको रुपमा रहेको छ । स्थानीय स्तर देखि नै उत्पादन र उत्पादकत्व वृद्धि गर्न तथा स्वरोजगारी सिर्जना गरी स्थानीय अर्थतन्त्रलाई गतिशिलता प्रदान गर्न उद्यमशीलताको विकास अपरिहार्य रहेको छ । बढ्दै बेरोजगारी समस्यालाई सम्बोधन गर्न तथा बेरोजगारहरुलाई स्वरोजगार बनाउन स्थानीय तहले स्वरोजगार हुन चाहने बेरोजगार युवाहरुलाई लक्षित गरी स्थानीय स्तरमा उपलब्ध श्रम, श्रोत साधन, पूँजी र प्रविधिको उपलब्धतताको आधारमा रोजगार सेवा केन्द्र मार्फत वित्तीय पहुँच, व्यवसायिक सीप विकास तालिमहरु सञ्चालन गरि दक्ष, सक्षम र उत्पादनशील जनशक्ति उत्पादन गर्नु पर्छ । वैदेशिक रोजगारीबाट प्राप्त सीप, पूँजी, प्रविधिलाई उद्यमशीलताको विकास र प्रवर्द्धनमा परिचालन गरि गाउँपालिका भित्र आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गरि गाउँपालिकाभित्रबाट बाध्यात्मक रुपमा वैदेशिक रोजगारीमा जाने क्रमलाई निरुत्साहित गर्दै जानु पर्दछ ।

कोशी प्रदेश अन्तर्गतका जिल्लाहरु मध्ये एक हो संखुवासभा जिल्ला । संखुवासभा जिल्लामा रहेका दस स्थानीय तहहरु मध्येको एक स्थानीय तह हो सिलीचोङ गाउँपालिका। यो गाउँपालिका जिल्लाको उत्तर पश्चिम भेगमा अवस्थित रहेको छ ।भोजपूर जिल्ला रहेको छ। यस गाउँपालिकाको पूर्वमा मकालु र चिचिला गाउँपालिका रहेको छ , पश्चिममा सोलुखुम्बु जिल्लाको सिमाना रहेको छ, उत्तरमा मकालु गाउँपालिकाको सिमाना सँग जोडिएका छन् । साविकका याफू, माङतेवा, ताम्कू, बाला र सिसुवाखोला गा.वि.स.लाई संयोजन गरी (वडा नं. १-५)

सिसुवाखोला, बाला, ताम्कू,माङतेवा र याफू लाई समावेश गरि यस गाउँपालिकाको गठन भएको हो। जम्मा ५ वटा वडा रहेको यो गाउँपालिकाको कुल क्षेत्रफल ५०१.९ वर्ग कि.मी. रहेको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाँउपालिकामा पुरुषको जनसंख्या ५२११ (५०.६१ प्रतिशत ) र महिलाको जनसंख्या ५०८५ (४९.३९ प्रतिशत ) गरि कुल जनसंख्या १०२९६ रहेको छ। कुल २४९० परिवारहरु रहेको यस गाँउपालिकाको जनघनत्व २०.५१ जना प्रति वर्ग कि.मी. रहेको छ। यस गाँउपालिकाको कुल साक्षरता दर ८०.९ प्रतिशत रहेको छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुमा सिर्जना हुन सक्ने रोजगारीका अवसरहरुको पहिचान गरि नाक्सांकन गर्न जरुरी छ। पहिचान भएका क्षेत्रहरुमा के कस्तो प्रकृतिको श्रमिक कति संख्यामा आवश्यक छ र त्यस्तो श्रमिकको उपलब्धताको अवस्था के छ। श्रमिकहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप वा दक्षताको अनुमान गरि माग र आपूर्ति बीच सन्तुलन कायम गर्नु पर्दछ । स्थानीय तहलेजनसांख्यिक विवरण, रोजगारीको अवस्था र रोजगारी सिर्जना हुन सक्ने क्षेत्र तथा संख्या पहिचान गरीरोजगारीको सम्भव्यता, सीप विकास, रोजगार गन्तव्यको नक्सांकन, आप्रवासनतथा स्वरोजगारमूलक क्रियाकलाप लगायतको विश्लेषण सहितको स्थानीय रोजगार रणनीति तर्जुमा गर्नु अपरिहार्य रहेको देखिन्छ। रोजगार रणनीतिले स्थानीय तहमा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम उपाय एवं विधिहरुको विकास गर्न सहयोग पुग्नेछ ।

**संबैधानिक व्यवस्थाः-**

| संविधानको धारा | प्रावधान |
|---|---|
| धारा ३३ रोजगारीको हक | प्रत्येक नागरीकलाई उचित श्रम अभ्यासको हक, उचित पारीश्रमिक, सुविधा तथा योगदानमा आधारीत सामाजिक सुरक्षाको हक । |
| धारा ३४ श्रमको हक | प्रत्येक नागरीकलाई उचित श्रम अभ्यासको हक, उचित पारीश्रमिक, सुविधा तथा योगदानमा आधारीत सामाजिक सुरक्षाको हक । |
| धारा ४३ सामाजिक सुरक्षाको हक | सामाजिक सुरक्षाको हकमा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका, बालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरीकलाई |

| संविधानको धारा | प्रावधान |
|---|---|
| | कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख गरीएको छ । |
| धारा ५१ राज्यका नीतिहरु (झ) **श्रम तथा रोजगार सम्बन्धी नीति** | सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यवसायिक बनाउने र स्वदेशमै रोजगारी अभिवृद्धि गर्ने, मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै व्यवस्थापनमा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने साथै वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सिप, प्रविधि, अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति रहेको उल्लेख गरीएको छ । |
| धारा ५१ राज्यका नीतिहरु (ञ) सामाजिक न्याय र समावेशिकरण सम्बन्धी नीति | राज्यले असाहयक अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र, समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ । |

**कानूनी तथा नीतिगत व्यवस्थाः-**

| क्र.स. | कानुन तथा नीतिहरु |
|---|---|
| 1. | रोजगारीको हक ऐन, २०७५ र नियमावली २०७५ |
| 2. | प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ |
| 3. | राष्ट्रिय रोजगार नीति २०७२ |
| 4. | श्रमको सम्मान राष्ट्रको अभियान सम्वन्धी रणनीति, २०७८ |
| 5. | एकीकृत श्रम तथा रोजगार सेवा (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८० |
| 6. | संघीय सरकारको ५ वर्षे रोजगार रणनीति योजना २०७९/०८० देखि ०८३/०८४ |
| 7. | १६औं पञ्चवर्षिय आवधिक योजना |
| 8. | प्रदेश सरकारको दोश्रो आवधिक योजना |
| 9. | संघीय/ प्रदेश सरकारको नीति तथा कार्यक्रमहरु |

## २. रोजगार रणनीतिको आवश्यकता/ औचित्य

सिलीचोङ गाउँपालिकाको बेरोजगारी समस्यालाई समाधानका लगि आन्तरीक रोजगारी सिर्जना गरी वाध्यात्मक वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने तथा रोजगारीका पर्याप्त अवसर सृजना नहुँदा वर्षेनी ठूलो संख्यामा युवाशक्ति रोजगारका लागि विदेशिनु पर्ने अवस्थालाई ध्यानमा राखी नेपालको संविधान, २०७२ ले परिकल्पना गरेको मौलिक हकहरु रोजगारीको हक श्रम सम्बन्धी हकका साथै श्रम र रोजगार सम्बन्धी समावेश नीतिका आधारमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै संविधान, ऐन तथा कानूनले निदिष्ट गरेका व्यवस्थालाई नागरीकको जिवनस्तरमा सुधार गर्न तय गरीएका कार्यक्रमलाई अपेक्षित प्रभावकारी भएको पाइदैन प्रधानमन्त्री रोजगार कार्यक्रम यस स्थानीय तहमा पनि विगत ४ वर्ष देखि कार्यान्वयनमा रहेता पनि अपेक्षितरुपमा वेरोजगारी समस्या समाधान गर्ने नसकिरहेको अवस्थालाई मध्यनजर गर्दै यो रोजगार रणनीतिक योजनाको आवश्यकता निम्न कारणले महसुस गरिएको छ ।

- श्रम तथा रोजगारीको हकलाई कार्यान्वयन गर्न,
- श्रम बजारको माग र आपूर्ति बीच सन्तुलन कायम गर्न,
- आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान, सिर्जना तथा प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य गर्न,
- रोजगारीको क्षेत्रमा रहेका समस्याहरुको समाधान गरि रोजगारी सिर्जनाका नवीनतम् उपाय एवं विधिहरुको विकास गर्न,
- श्रम बजारको माग एवं उपलब्ध अवसर अनुसार दक्ष, व्यवसायिक, सीपयुक्त र प्रतिस्पर्धी श्रमशक्ति तयार गर्न,
- रोजगार सेवा केन्द्रलाई सक्षम र जवाफदेही बनाई न्यूनतम् रोजगारीको प्रत्याभूति गर्न,
- वैदेशिक रोजगारीबाट प्राप्त पूँजी, सीप, ज्ञान, प्रविधि र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा लगाउन उद्यमशिलताको विकास तथा प्रवर्द्धन गर्न,
- सुरक्षित आप्रवासन र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुनःएकीकरणमा सहयोग र सहकार्य गर्न,
- श्रम बजारमा विपन्न वर्गको सहज पहुँच स्थापना गर्न,

### २.१ संचालनमा रहेका कार्यक्रमको उपलब्धिको अवस्थाः-

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७७/०७८ मा २४९ जना आर्थिक वर्ष २०७८/०७९ मा १६६ जना र आर्थिक वर्ष २०७९/०८० मा ८२ जनालाई १०० दिनको न्यूनतम रोजगारी यस गाँउपालिका भित्र बाटो, सिचाइ कुलो, घेरावाल पर्खाल सामुदायिक विकासका पूर्वाधारमा रहेर रोजगारी सृजना गरीएको छ । संघीय सरकारको सशर्त अनुदानमा रहेर न्यूनतम रोजगारीको सुनिश्चित गर्न निकै चुनौति रहेको छ ।आन्तरिक श्रोतको अभावमा

सबैलाई रोजगारीमा संलग्न गराउन सकिएको अवस्था छैन । श्रम तथा रोजगार क्षेत्रका दीर्घकालिन सोच सहितको रणनीति तग गर्न आवश्यक देखिएको तथा तीन वटै तहबाट प्राप्त श्रोत साधनलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्दै उत्पादनशील रोजगारीको विकास र उपयोगी गर्नका साथै निम्न कारण यो रणनीति योजना तयार गरीएको हो ।

- श्रम तथा रोजगार सम्बन्धि दिर्घकालिन राष्ट्रिय सोच, लक्ष्य प्राप्तिका लागि तहगत सरकारबाट तर्जुमा गरीएका कार्यक्रम विच सामञ्जस्यता कायम गर्न,
- गाउँपालिका भित्र मर्यादित रोजगारीको लागि उद्धमशिलताको विकास र आन्तरीक रोजगारी प्रवर्द्धन गर्न,
- श्रोत साधनलाई रोजगारमा केन्द्रित गर्न,
- उत्पादनशील र दिगो रोजगारीमा पहल गर्न,
- न्यूनतम रोजगारीमा मार्फत पूर्वाधार विकास र उत्पादनशील रोजगारीमा धेरै नागरीकलाई सहभागिता गराउन,
- बैदेशिक रोजगारमा जान चाहनेलाई आवश्यकताका आधारमा सिपमूलक तालिम संचालन गर्न ।

### ३. अध्ययनको पद्धतिः

स्थानीय तहको रोजगार रणनीतिका लागि आवश्यक पर्ने सूचना, तथ्याङ्क संकलन गर्न स्थानीय तहको रोजगार रणनिति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० ले निधारण गरेका अनुसूची २ र ३ मा भएका प्रश्नावलीहरुलाई प्रयोग गरीएको छ ।त्यसै गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कानूनी तथा नीतिगत व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रमका राम्रा पक्ष र उपलब्धी, बैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार सचिवालय लगाएका निकायवाट प्राप्त जानकारीलाई सेकेन्डरी सूचनालाई गुणात्मक विधिमा आधारीत भएर रणनीति योजना तयार गरीएको छ ।

### ४. क्षेत्र :-

सिलीचोङ गाउँपालिका रोजगार रणनितिले आन्तरीक रोजगारीको अवस्था सीप विकास भौतिक रुपमा मठ, मन्दिर, पाटि, पवा, बाटो, सडकमा नाला अथवा सडक मा ग्राभिलिङ र तालिम तथा वैदेशिक रोजगार सम्बन्धी क्षेत्रको व्यवस्थित र तथ्यपरक अध्ययनसँग सम्बन्ध राख्दछ । यस रोजगार रणनितिलका क्षेत्रहरु देहाय बमोजिम रहेका छन् ।

- प्रधानमन्त्री रोजगार कार्यक्रमका कार्यान्वयनमा देखापरेका समस्या चुनौती तथा समाधानका उपाय,
- आन्तरीक रोजगारीमा सृजना हुने क्षेत्रका समस्या चुनौति तथा समाधानका उपाय,
- स्थानीय तह भित्र दिगो तथा उत्पादनशील रोजगारीको सम्भाव्याताको खोजि तथा प्रवर्द्धन
- बैदेशिक रोजगारी सम्बन्धित सूचना प्रवाह, परामर्श तथा सहजीकरण
- सीपयुक्त जनशक्ति तयार गर्न सीप विकास तालिम

**५. सिमाः-** सिलीचोङ गाउँपालिकाको ५ वटै वडा भित्र रहेर स्थानीय तहको रोजगार रणनीति तयार गरीने छ । यसमा सिलीचोङ गाउँपालिकाको सामाजिक, आर्थिक, जनसंख्याको बनौट, उत्पादनशील क्षेत्रको अवस्था, रोजगारीका सृजना हुन सक्ने क्षेत्र, सीपयुक्त जनशक्ति तयार सम्बन्धि सिमा रहेका छन् ।

## खण्ड-२

## वर्तमान अवस्थाको विश्लेषण

### रोजगारीको वर्तमान अवस्था

नेपाल श्रम शक्ति सर्वेक्षण, २०७४ अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ भने पुरुषको र महिलाको बेरोजगारी दर क्रमशः १०.३ र १३.१ प्रतिशतरहेको छ। यसै गरी शहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगारी रहेको छ। नेपालको श्रमशक्ति सहभागिता दर ३८.५ प्रतिशत रहेको छ। यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.९ प्रतिशत रहेको छ । यसै गरी पुरुष र महिलाको श्रमशक्तिमा सहभागिता दर क्रमशः ५३.८ प्रतिशत र २६.३ प्रतिशत रहेको छ । रोजगारमा रहेको जनसंख्यालाई प्रदेश अनुसार हेर्दा सबैभन्दा बढी ४३.८ प्रतिशत बागमती प्रदेशमा र सबैभन्दा कम २४.१ प्रतिशत सुदुरपश्चिम प्रदेशमा रहेको छ। बेरोजगारी दरलाई प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी मधेश प्रदेशमा २०.१ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशमा ७ प्रतिशत रहेको छ। **२.१ जनसंख्याको र रोजगारीको अवस्था**

| वडा नं. | जनसंख्या | |
|---|---|---|
| | महिला | पुरुष |
| १ | ११६० | १२२३ |
| २ | १२५६ | १२५३ |
| ३ | १२७२ | १३९८ |
| ४ | ९०८ | ८९३ |
| ५ | ४८९ | ५२४ |

| | | |
|---|---|---|
| **जम्मा** | ५०८५ | ५२११ |
| **प्रतिसत** | ४९.४ | ५०.६ |

**श्रोत जनगणना २०७८**

कुल जनसंख्या मध्य ७४६६ जनता अर्थात  ९० प्रतिशत कृषि वन तथा माछापालन कार्यमा १.८ प्रतिशत व्यापारमा १.१ प्रतिशत निर्माणमा र बाकी अन्य क्षेत्रमा रोजगार भएको देखिन्छ।

## २.२ गाँउपालिकामा रोजगार सृजना हुने क्षेत्र

१. कृषि क्षेत्र
२. निर्माण क्षेत्र
३. पर्यटन क्षेत्र
४. उद्यमशिलता
५. सेवा क्षेत्र (व्यापार व्यवसाय)
६. उद्योग क्षेत्र
७. सूचना प्रविधि
८. वित्तीय क्षेत्र साथै

### २.२.१ बनस्पति संकलन

| | |
|---|---|
| रुख प्रजाति | साल, खोटे सल्लो, लौठ सल्लो, थिङ्ग्रे सल्लो, गोब्रे सल्लो, रानी सल्लो, जापानी सल्लो, उत्तिस, पात्ले कटुस, मुसुरे कटुस, ढाल्ने कटुस, फलौट, फिरफिरे, बद्रास, सौर कइजाल, पानीसाज, पाखेसाज, लामपाते, चिलाउने, धँगेरो, श्रीचाप, घोंगे चाप, औले चाप, जालु चाप, चिलाउने, रुद्राक्ष, खिरों, मलौटो, शिरीष, लप्सी, भोजपत्र, वर, पीपल, काउलो, खराने झाडिदार। |
| बुट्यान प्रजाति | धुपी, सुनपाती, गुराँस, पर्लिङ्गो, चिमाल, सुनलहरे, असारे, सिक्रे लोक्ता, अर्गेली लोक्ता, मालिङ्गो, काली मालिङ्गो, सिङ्गाने, खोसे, घुडे, निगाले, बाँदरे, झिडुनी, बिलाउने, सुनगाभा, सुनाखरी, अखौंलो, चुत्रो। |
| जडिवुटी | ईन्द्रेनी, पाँचऔंले, जटामसी, पाखनवेद, चिराइतो, चिमफिङ, ठूलोओखत्ती, सुनपाती, विखुमा, विषजरा, सतुवा, वनलसुन, पदमचाल, निर्मसी, देब्रे लहरा, भुतकेश, ताराकोपिला, मांइकोपिला, यार्सागुम्बा, मुलापाते, कुखुरापड्डी र किरोउला। |

### २.२.२ धार्मिक सास्कृतिक तथा पर्यटकीय स्थल

| क्र.स. | पर्यटकीय स्थल | ठेगाना |
|---|---|---|
| 1. | नागीटार | वडा नं. ३ ताप्कु |
| 2. | खुइसि धाम | वडा नं. १ सिसुवाखोला |
| 3. | कईकोक झरना | वडा नं. १ सिसुवाखोला |
| 4. | चोङ्ग्रे | वडा नं. ३ ताप्कु |
| 5. | खेम्पालुङ गुफा | वडा नं. ५ याफु |
| 6. | संखुवा शिर | वडा नं. १,२ र ३ शिर |
| 7. | देउराली सिलीचोङ | वडा नं. ३,४ र ५ वीच |
| 8. | खुइसि पदमार्ग | वडा नं. १ |
| 9. | केम्पा कालपोखरी मन्दिर | वडा नं. १ |
| 10. | निउरेनी मन्दिर | वडा नं. १ |
| 11. | १६ सय उपासी साल्पा मन्दिर | वडा नं. ३र ४ |
| 12. | खेम्पालुङ गुफा | वडा नं. ५ |

### २.२.३ उधोग व्यवसाय तथा वित्तीय क्षेत्र

यस गाँउ पालिकामा ४३ ओटा घरेलु तथा साना उधोग १२ ओटा सहकारी सस्था र १ बाणिज्य बैंक दर्ता भइ संचानामा रहेका छन । यी क्षेत्रहरुबाट थप रोजगारीका अवसरहरु सृजना गर्न सक्ने अवस्था छ ।

### २.२.४ होमस्टे

हाल ३ ओटा होमस्टे संचालनमा रहेका छन् पर्यटकहरुलाई व्यवस्थित रुपामा वसोवासका साथै स्थानीय सस्कार सास्कृत र मुल्य मान्याता रहनसहनको अध्ययन गर्नका साथै मनोरम प्रकृतिक

अवलोकनमा आउने पर्यटकका लागि  होमस्टे सन्चालन मार्फत पनि रोजगारी सृजना गर्न सकिन्छ।

### २.२.५ वैदेशिक रोजगार

बैदेशिक रोजगारीमा अदक्ष कामदार गईरहेको हुनाले बिभिन्न तालिमहरु संचालन मार्फत अर्ददक्ष तथा दक्ष कामदार तयार गरि वैदेशिक रोजगार सृजना गर्न सक्ने सम्भावना छ ।

## २.३ स्थानीय तहमा श्रम तथा रोजगारीका क्षेत्रमा भएका चुनौती र निराकरणको अवस्था

**चूनौती**

- आन्तरिक श्रोतको अपेक्षाकृत कम संकलन हुनु ।
- सीपलाई रोजगारमा रुपान्तरण गर्नु।
- बढ्दो बेरोजगारीलाई न्यूनीकरण गर्नु ।
- श्रोत साधनमा एकीकृत उपयोग नहुनु ।
- मागमा आधारीत रोजगारीको व्यवस्थापन गर्न नसकिनु ।
- बेरोजगार युवाहरुलाई श्रमप्रतिको धारणामा रुपान्तरण गर्न नसक्नु ।
- पूर्वाधार विकासमा आवश्यक श्रोत साधन अभाव ।
- बेरोजगार युवाहरुले उत्पादनशील रोजगारी अन्तर्गत कृर्षि तथा पशुपालनमा भविष्य नदेखु ।

**निराकरण**

- सविधान प्रदत रोजगारीको हकलाई पूर्णरुपमा कार्यान्वयन गर्न संघीय/प्रदेश सरकारबाट प्राप्त कानून नीति नियम बनेका छन् ।
- श्रमको सम्मान राष्ट्रको अभियानका विभिन्न कार्यक्रम भएका छन्
- संघ र स्थानीय तहले रोजगारी सृजना हुने गरी बजेट व्यवस्थापन गर्ने गरेका छन् ।
- लघुउद्यम विकास कार्यक्रम मार्फत पनि स्वरोजगार गराउने गतिविधि रहेका छन्।
- सीपयुक्त जनशक्तिलाई रोजगारीमा आवद्ध गर्न काममा आधारीत तालिम संचालन हुने गरेका छन् ।

## २.४ स्थानीय तहमा रोजगार रणनीतिको कार्यान्वयन पश्चात प्राप्त हुने अवसर र उपलव्धि

**अवसर**

- ❖ गाउँपालिका भित्र आर्थिक गतिविधि बढन गई युवाहरुलाई उद्योग व्यवसाय गर्ने बातावरण सिर्जना हुनु,
- ❖ युवालाई परम्परागत पेशा, कृषि, पशुपालन, जडिबुटीमा अवसर प्रहान गर्नु।
- ❖ आन्तरीक रोजगारीमा विश्वसिलो दीगो माग र आपूर्ति प्रणालीको विकास हुनु
- ❖ स्थानीय स्तरमै न्यूनतम रोजगार सृजना गर्नु

**उपलव्धि**

- ❖ बेरोजगार युवालाईलाई न्यूनतम रोजगारीको प्रत्याभूति भएको हुने ।
- ❖ सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा रोजगारी पाएको हुनेछ।
- ❖ पुजी निर्माण गरि रोजगारीमा केन्द्रित भएको हुनेछ।
- ❖ संघीय/प्रदेश तथा स्थानीय तहको श्रोत साधनको प्रयोग गरि वार्षिक न्यूनतम रोजगारीका क्षेत्रमा सूचीकृत वेरोजगारीको संख्या ४.१ प्रतिशतबाट बाट १.५ प्रतिशतमा झरेको हुनेछ ।
- ❖ श्रोत साधनलाई संघीय/ प्रदेश श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक भएको हुनेछ।
- ❖ बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित भएका हुनेछन् ।
- ❖ रोजगारीको माग र आपूर्तिको ढाँचा तयार भइ कार्यान्वन भएको हुनेछ ।
- ❖ वैदेशिक रोजगारलाई सुरक्षित उपलव्धिमूलक बनाउन परामर्श सेवा तथा अन्य सेवा संचालन विश्वसनियता बढेको हुनेछ ।
- ❖ आन्तरीक रोजगारीका अवसर सिर्जना भएको हुने
- ❖ दिगो र उत्पादनशील रोजगारीका क्षेत्रमा पूर्वाधार निर्माण भएको हुनेछ।
- ❖ दिगो रोजगारीका लागि उधमशिलताका नयाँ क्षेत्र पहिचान भइ वार्षिक दिगो रोजगारिमा संलग्न हुने संख्यामा बढेको हुनेछ ।
- ❖ तीन तहको रोजगारीका कार्यक्रमलाई एकिकृत गराउन सहयोग पग्नु ।

## खण्ड ३

## रणनैतिक विश्लेषण

बेरोजगारी र गरीवीलाई न्यूनीकरण गर्न संघीय/ प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरेता पनि उपलब्धिमूलक नभएको वर्तमान अवस्थामा गाउँपालिका भित्र रोजगारीका क्षेत्र र अवसर पहिचान गरि श्रोत साधनको अधिक प्रयोगबाट बढ्दो बेरोजगारी कम गर्ने उदेश्यल रहेको छ । संघीय सरकारको रोजगार नीतिलाई आत्मसाथ गरी तीन वटै तहबाट प्राप्त श्रोत साधन जनशक्तिलाई उत्पादनशील रोजगार मार्फत नागरीकको जिवनस्तरमा सकारात्मक

प्रभाव पार्न, आन्तरीक रोजगारीमा संलग्न हुन चाहने नागरीकको उच्च सम्मान गर्न, सीपयुक्त जनशक्तिलाई श्रममा आवद्ध गर्न र पूर्वाधार मात्र न्यूनतम रोजगारी पाउने कानूनी व्यवस्थाले मात्र रोजगारीका संख्या बढाउन नसकिएको अवस्थामा, वर्षेनी सयौ बेरोजगार नागरीक बैदेशिक रोजगारोमा गई रहेका बर्तमान चुनौतीलाई आत्मसाथ गरी आन्तरीक रोजगारीका नँया क्षेत्र पहिचान गरी स्थानीय तहको श्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार नागरीकलाई गाउँमै बस्ने वातावरण सृजना गर्न रणनीति योजनाले मार्ग निदेर्शन गर्ने अपेक्षा छ ।

- श्रम बजारमा विपन्न वर्गको सहज पहुँच स्थापना गर्न,
- श्रम बजारको माग र आपूर्ति बीच सन्तुलन कायम गर्न,
- श्रम प्रति सम्मान गर्ने संस्कृतिको विकास गर्न,
- बेरोजगार नागरीकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न,
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु,
- श्रोत साधनलाई एकिकृत गरी रोजगारीमा केन्द्रित गर्नु,
- संघीय/प्रदेश श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउन,
- बैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्श सेवा सेवा संचालन गर्नु।
- रोजगार सेवा केन्द्रलाई सक्षम र जवाफदेही बनाई नयूनतम् रोजगारीको प्रत्याभूति गर्न,
- श्रम तथा रोजगारीको हकलाई कार्यान्वयन गर्न,
- वैदेशिक रोजगारीबाट प्राप्त पूँजी, सीप, ज्ञान, प्रविधि र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा लगाउन उद्यमशिलताको विकास तथा प्रवर्द्धन गर्न,
- सुरक्षित आप्रवासन र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुनःएकीकरणमा सहयोग र सहकार्य गर्न।

## खण्ड-४

## रणनैतिक सवाल

सिलीचोङ गाउँपालिमा उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग मार्फत रोजगारीको अवसर सृजना गरि लक्षित वर्गको पँहुच अभिवृद्धिका साथै रोजगारीको हक सुनिश्चित गर्न संघीय सरकार/ प्रदेश सरकार र स्थानीय तहले आवश्यकता अनुसार विभिन्न कार्यक्रम संचालित हुँदा पनि रोजगारीको सुनिश्चित गर्न सकिएको छैन। श्रम तथा रोजगारी सम्बन्धी सेवाहरु स्थानीय तहसम्म विस्तार हुदै जान, न्यूनतम रोजगारीको प्रत्याभूतिको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन हुन, रोजगारीका सम्भावित अवसरहरुको पहिचान गर्न, प्राविधिक शिक्षामा सर्वसाधारणको पहुँच विस्तार हुदै जान, रोजगारीक हक कार्यान्वयनमा प्रभावकारी बनाउन स्थानीय तहको अपनत्व लिन र रोजगार कार्यक्रमलाई उपलव्धि मूलक बनाउन, आन्तरीक रोजगारी सिर्जनामा

एकिकृत श्रोत साधन परिचालन गर्न, आन्तरीक रोजगारीका अवसरमा वृद्धि, वैदेशिक रोजगारीलाई मर्यादित बनाउनु, दिगो रोजगारिका क्षेत्र पहिचान गर्न, उधमशीलता विकास मार्फत जिवनस्तरमा सुधार ल्याउनु यस रणनैतिक सवाल रहेका छन् ।

## खण्ड - ५
## दूरदृष्टि, लक्ष्य र उदेश्य

**सोचः " समावेशी विकास,सामाजिक न्याय र पृथक पहिचान समृद्ध समाजसहितको गुणस्तरीय पूर्वाधार सिलीचोङ गाउँपालिकाको अभियान"** गाँउपालिकाको दिर्घकालिन सोच हुनेछ ।

**लक्ष्य :** रोजगारीका अवसरहरुको पहिचान गरि सोही अनुरुपको प्रतिस्पर्धात्मक, दक्ष र क्षमतावान जनशक्ति उत्पादन गरी श्रम बजारको मागलाई आपूर्ति गर्ने।

**उद्देश्यः** गाउँपालिकाको रोजगार रणनीति तर्जुमा भई कार्यान्वयन पश्चात स्थानीय तहले संघीय /प्रदेश रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुर्याउदै गाउँपलिकाले देहायका नतिजा प्राप्त गर्न सक्षम हुनेछन् ।

१. पूर्वाधारको विकास, कृषिको उत्पादन, जडिबुटी तथा वन पैदावरको संकलन, प्रशोधन बजारीकरण, उद्यमशीलताको प्रवर्द्धन, पशुपालन, माछा पालन, तरकारी, फलफूल खेती मार्फत न्यूनतम रोजगारी देखि दीगो र उत्पादनशील रोजगारीको सुनिश्चित गर्नु ।
२. बैदेशिक रोजगारीमा जाने इच्छुक युवाहरुलाई आवश्यक पर्ने सीप, अभिमुखीकरण, परामर्श दिई दक्ष, प्रतिस्पर्धी, सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउनु तथा फर्किएर आएका व्यक्तिले हासिल गरेका अनुभव र ज्ञानलाई उत्पादनशी क्षेत्रमा उपयोग गर्नु ।
३. बजारको आवश्यकता र मागका आधारमा सीपको पहिचान र उत्पादन गर्न सीपयुक्त जनशक्तिको उपयोग गर्नु।

**गाउँपालिकाका प्राथमिकताहरुः-**

- उत्पादनशील र मर्यादित रोजगारीका अवसरहरुमा जोड,
- न्यूनतम रोजगारीको प्रत्याभूति जोड,
- दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयारमा जोड,
- सबै प्रकारका श्रम शोषणको अन्त्य गर्नमा जोड,
- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउनमा जोड,
- आप्रवासीहरुको सामाजिक एवं आर्थिक रुपमा पुनः एकीकरण गर्नमा जोड,।

## खण्ड :- ६
## रणनैतिक लक्ष्यहरु

- संघीय/प्रदेश श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउने,
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित बनाउने,
- श्रोत साधनलाई एकिकृत गरी रोजगारीमा केन्द्रित गर्ने,
- बैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्श सेवा सेवा संचालन गर्ने,
- बैदेशिक रोजगारीबाट फर्किएका युवालाई उत्पादनशील क्षेत्रमा उपयोग गर्ने,
- कृषि, बनपदावर उद्योग, तरकारी, फलफूल खेती, जडिबुटी मार्फत दीगो रोजगारलाई सुनिधित गर्ने,
- बेरोजगारलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने,
- रोजगारीको माग र आपूर्तिको ढाँचा तयार गर्नु,
- लघु उद्यम विकासलाई स्वरोजगारमा केन्द्रित गराउनु ।

## खण्ड- ७
## रणनैतिक स्तम्भ/ प्रमुख रणनीति तथा कार्यनीतिहरु

### ७.१ रणनीतिक स्तम्भ

गाँउपालिकाको सोच लक्ष्य र उदेश्य प्राप्तिका लागि निम्न अनुसारका रणनीतिक स्तम्भ पहिचान गरीएको छ । रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि रणनीति र कार्यनीतिहरु तय गरीएको छ ।

१.आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने।

२. श्रम बजारको माग अनुसारको सीपयुक्त दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गर्ने

३.रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउँदै बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराई रोजगारीको हकलाई कार्यान्वयन गर्ने।

४. वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गर्ने

५ स्थानीय अर्थतन्त्रलाई गतिशील एवं सुदृढ बनाउन नविन सोंच, सीप र प्रविधिको उपयोग गरि उद्यमशिलताको विकास र प्रवर्द्धन गर्दै स्वरोजगार बनाउने

### ७.२ रणनीति तथा कार्यनीतिहरु

१. आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने।

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने रणनीतिकहरु। | १.१.१ गाँउपालिकाभित्र आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान एवं रोजगार सम्बद्ध सेवा तथा सरोकारवालाहरुको नक्सांकन गरिनेछ ।<br>१.१.२ गाँउपालिकाको विकास खर्चलाई रोजगारी सृजनासंग जोडिनेछ ।<br>१.१.४ रोजगारीका थप अवसर सृजना गर्नका लागि गाँउपालिकाभित्र औधोगिक ग्राम स्थापनाका लागि संघीय र प्रदेश |

| रणनीति | कार्यनीति |
|---|---|
| | सरकारसंग समन्वय र सहकार्य गरिनेछ ।<br>१.१.५ गरिबी न्यूनीकरण र रोजगारी सृजना सम्बन्धी कार्यहरुलाई एकीकृत रुपमा सञ्चालन गर्न आवश्यक नीति निर्माण गरी अन्य तह, निकाय र सरोकारवालाहरुसंग समन्वय तथा सहकार्य गरिनेछ ।<br>१.१.६ स्थानीय तहभित्रबाट वैदेशिक रोजगारीमा जाने तथा फर्किने व्यक्तिहरुको अभिलेख संकलन गरिनेछ ।<br>१.१.७. स्थानीय तहभित्र सञ्चालित उद्यम, व्यवसाय, प्रतिष्ठान, कम्पनीहरु लगायत अन्य निजी क्षेत्रको व्यवसायिक घरानाहरुमा रोजगारीमा रहेका व्यक्तिहरुको तथ्यांक संकलन गरिनेछ ।<br>१.१.८ रोजगारीका लागि छिमेकी मुलुक भारत जाने कामदारहरुलाई स्थानीय तहमा दर्ता हुने नीतिगत व्यवस्था गरि परिचयपत्र जारी गरिनेछ र सो को अभिलेख दुरुस्त राखिनेछ ।<br>१.१.९ आप्रवासन प्रोफाईल र श्रम तथा रोजगार प्रोफाईल तयार गरिनेछ ।<br>१.१.१० गाँउपालिकाभित्रका विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिहरुको तथ्यांक संकलन एवं व्यवस्थापन गरिनेछ । |
| २. श्रम बजारको माग अनुसारको सीपयुक्त दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गर्ने | |
| २.१ "श्रम बजारको माग अनुसारको सीपयुक्त दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गर्ने" संग सम्बन्धित कार्यनीतिहरु | २.१.१ विश्व श्रम बजारमा स्वचालन (Automation) र कृत्रिम बौद्धिकता (Artificial Intelligence-AI) को प्रयोग बढदै गएको सन्दर्भमा सूचना प्रविधिको क्षेत्रमा अधिक रोजगारीका अवसरहरु सृजना हुने भएकोले विद्यालय तहदेखि नै प्राविधिक शिक्षा सञ्चालन गरिनेछ ।<br>२.१.२ गन्तव्य मुलुकको श्रम बजारको मागका आधारमा सीपमूलक तालिम सञ्चालन गरि दक्ष जनशक्ति तयार गरि वैदेशिक रोजगारीमा जान प्रोत्साहन गरिनेछ ।<br>२.१.३ स्थानीय आवश्यकता र प्राथमिकतालाई मध्यनजर गरी स्थानीय स्रोत साधन र श्रमशक्तिको भरपुर उपयोग गर्न सिंचाई सुविधा, कृषि विद्युतीकरण, कृषि सडक तथा उपयुक्त कृषि प्रविधिहरुमा पहुँच विस्तार गरी कृषिको व्यवसायीकरण र विविधिकरणमा जोड दिई कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै उपलब्ध युवा श्रमशक्तिहरुलाई कृषिमा आधारित पेशा |

| रणनीति | कार्यनीति |
|---|---|
| | व्यवसायमा आकर्षित गरि कृषि उत्पादन, संकलन, ग्रडिङ्ग, भण्डारण, प्रशोधन र प्याकिङ्ग सम्बन्धी दक्ष जनशक्ति तयार गरिनेछ ।<br>२.१.४ निर्माण क्षेत्रमा दिगो रोजगारीका अवसरहरु सृजना गर्न विभिन्न किसिमका सीपमूलक तालिमहरु जस्तैः ब्रिक मेसन, प्लम्बर, ईलेक्ट्रिसियन, पेन्टिङ्ग, स्काफोल्डर लगायत अन्य तालिमहरु सञ्चालन गरि निर्माण क्षेत्रसंग सम्बन्धित दक्ष जनशक्ति उत्पादन गरि स्थानीय श्रम बजारमा आफूर्ति गरिनेछ ।<br>२.१.५ स्थानीय तहमा नयाँ नयाँ पर्यटन क्षेत्रको पहिचान, विकास र विस्तार गरि पर्यटन क्षेत्रमा आवश्यक जनशक्ति आपूर्ति गर्न होटेल व्यवसाय, होम स्टे, अतिथि सत्कार जस्ता विषयसंग सम्बन्धित सीप विकासका कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गैर सरकारी संघसंस्था तथा निजी क्षेत्रसंग समन्वय र सहकार्य गरि रोजगारी सृजनामा गरिनेछ ।<br>२.१.६ रोजगारीको क्षेत्रमा बढदै गरेको प्रविधिको प्रयोगलाई मध्यनजर गरि अधिकतम रोजगारी सृजना हुने क्षेत्रहरुको पहिचान गरि नवीनतम् सीप विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.१.७ रोजगार तथा स्वरोजगारमूलक शिक्षा र सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिरहेका सरकारी, गैरसरकारी एवं निजी क्षेत्रसंग समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।<br>२.१.८ रोजगारमूलक तथा सीपमूलक तालिमहरु सञ्चालन गरि दक्ष जनशक्ति निर्माण गर्न बहुविषयगत सीप विकास तालिम केन्द्र स्थापना गरिनेछ । |
| ३.रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउँदै बेरोजगारलाई रोजगारीका अवसरमा संलग्न गराई रोजगारीको हकलाई कार्यान्वयन गर्ने। | |
| ३.१ "रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउँदै बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराई रोजगारीको हकलाई कार्यान्वयन गर्ने" संग सम्बन्धित कार्यनीतिहरु। | ३.१.१ रोजगार सम्वाद मञ्चलाई गतिशिल बनाई दिगो रुपमा रोजगारीका अवसरहरु सृजना गर्न रोजगार सम्बद्ध सरोकारवालाहरुसंगको छलफल र सहभागितामा आवश्यक रोजगार योग्य (Employability) कार्यक्रमहरु सञ्चालन गर्न गैर सरकारी संघसंस्था एवं निजी क्षेत्रसंग समन्वय गरिनेछ ।<br>३.१.२ स्थानीय तहभित्रको अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्न सम्भावित औपचारिक क्षेत्रहरुको पहिचान गरि रोजगारमैत्री कार्यक्रमहरु |

| रणनीति | कार्यनीति |
|---|---|
| | सञ्चालन गरि रुपान्तरण गरिदै लगिनेछ ।<br>३.१.३ रोजगार विनिमय सेवा सञ्चालन गर्न रोजगार सेवा केन्द्र र कर्मचारीको क्षमता विकास एवं सुदृढीकरण गरिनेछ ।<br>३.१.४ रोजगारीको खोजीमा रहेका बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रबाट एकीकृत श्रम तथा रोजगारमूलक सेवा उपलब्ध गराईनेछ ।<br>३.१.५ स्थानीय एवं राष्ट्रिय स्तरमा उपलब्ध रोजगारीका अवसरहरुको सूचना एवं जानकारी गाँउपालिकाको वेभसाईट वा फेसबुक पेज मार्फत सम्प्रेषण गरिनेछ ।<br>३.१.८ स्थानीय तहमा उपलब्ध सीप, अनुभव र योग्यताको आधारमा रोजगारीका अवसर उपलब्ध नभएमा अन्तर तह वा निकायसंग समन्वय गरि उपलब्ध रोजगारीका अवसरहरुमा आवश्यक पहल गरि पदस्थापन गरिनेछ ।<br>३.१.९ न्यूनतम रोजगार प्रत्याभूत योजना तर्जुमा गरि बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा संलग्न गराईनेछ । |
| ४. वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गर्ने | |
| ४.१ "वैदेशिक रोजगारीलाईस व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गर्ने" संग सम्बन्धित कार्यनीतिहरु | ४.१.१ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई लक्षित गरि वैदेशिक रोजगारीका अवसर, चुनौती र जोखिमहरुको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरि सचेतना अभिवृद्धि गरिनेछ ।<br>४.१.२ वैदेशिक रोजगारमा जाने श्रमिकहरुका लागि आवश्यक पर्ने पूर्व प्रस्थान अभिमुखकरण तालिम (Pre- departure Orientation Training) सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।<br>४.१.३ वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजीकरण एवं परामर्श सेवा प्रदान गरिनेछ ।<br>४.१.४ वैदेशिक रोजगारीबाट फर्केका पिडितहरुका लागि मनोसामाजिक परामर्श, कानूनी परामर्श, रेफरल सेवा लगायतका अन्य सेवाहरु सञ्चलान गरि पुनः एकीकरण गरिनेछ ।<br>४.१.५ वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति तथा तिनका परिवारहरुलाई लक्षित गरि सामाजिक, आर्थिक र मनोसामाजिक रुपमा पुनः एकीकरणका लागि आवश्यक कार्यकम सञ्चालन गर्न संघीय सरकार, प्रदेश सरकार र गैर सरकारी संघसंस्थाहरुसंग |

| रणनीति | कार्यनीति |
|---|---|
| | समन्वय र सहकार्य गरिनेछ ।<br>४.१.६ वैदेशिक रोजगारीमा रहेका श्रमिक र तिनका परिवार लक्षित<br>कल्याणकारी सेवाहरुको वितरणमा आवश्यक सहयोग गरिनेछ ।<br>४.१.७ वैदेशिक रोजगारीका क्रममा मृत्यु, अंगभंग, स्वास्थ्य उपचार, राहत, उद्दार लगायतका आर्थिक सहायता सम्बन्धी सेवाहरु प्राप्त गर्न सहजीकरण गरिनेछ<br>४.१.८ वैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्वीकृति र पनुः श्रम स्वीकृतिमा सहिजीकरण गर्ने साथै प्रवासी स्रोत उपकेन्द्र स्थापना गरिनेछ । |
| ५ स्थानीय अर्थतन्त्रलाई गतिशील एवं सुदृढ बनाउन नविन सोंच, सीप र प्रविधिको उपयोग गरि उद्यमशिलताको विकास र प्रवर्द्धन गर्दै स्वरोजगार बनाउने | |
| ५.१ "स्थानीय अर्थतन्त्रलाई गतिशील एवं सुदृढ बनाउन नविन सोंच, सीप र प्रविधिको उपयोग गरि उद्यमशिलताको विकास र प्रवर्द्धन गर्दै स्वरोजगार बनाउने" संग सम्बन्धित कार्यनीतिहरु | ५.१.१ श्रम प्रति सम्मान गर्ने संस्कृतिको विकास गर्दै युवा श्रमशक्तिहरुलाई सिर्जनशील, व्यवसायिक र उद्यमशील क्षमताको विकास गरी दक्ष जनशक्ति तयार गरिनेछ ।<br>५.१.२ उद्यमशिलता विकास तालिम सञ्चालन गरि स्वरोजगारी अभिवृद्धिमा जोड दिईनेछ ।<br>५.१.३ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारमा सहयोग पुग्ने गरी युवाहरुमा नवप्रवर्तनशील एवं प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न विभिन्न किसिमको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>वैदेशिक रोजगारीबाट आर्जन भएको ज्ञान, सीप र प्रविधिलाई प्रमाणीकरण गर्न सम्बन्धित निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।<br>५.१.४ स्वरोजगार हुन चाहने व्यक्तिहरुलाई विभिन्न बैंक तथा वित्तीय संस्था मार्फत सहुलियतपूर्ण ऋण उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।<br>५.१.५ स्वरोजगारका लागि उद्यमशीलता विकास तथा व्यवसायिक योजना निर्माणमा सहयोग र सहजीकरण गरिनेछ ।<br>५.१.६ उद्यम व्यवसाय गर्न चाहने युवाहरूलाई उत्पादनशील व्यावसायिक<br>योजनाको आधारमा स्थानीय स्वरोजगार कोषबाट अनुदान वा सहुलियत पूर्ण ऋण सुविधा उपलब्ध गराईनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५.१.७ उपलब्ध श्रोत साधनको आधारमा उद्यमशिलताको विकास, प्रवर्द्धन र व्यवस्थित गर्न उद्यम विकास रणनीतिक योजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>५.१.८ उद्यम व्यवसाय सञ्चालन गर्न इच्छुक सूचीकृत बेरोजगार व्यक्तिहरुका लागि निःशुल्क व्यवसाय दर्ता गरिनेछ ।<br>५.१.९ स्थानीय स्तरमा उद्यमशीलता विकास तथा स्वरोजगारमूलक सेवाको विस्तार गरिनेछ । |

### ७.3 समन्वय तथा सहकार्य

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकाय, प्रदेश तथा सिलीचोङ गाउँपालिका सरोकारवाला निकाय, निजी क्षेत्र, सहकारी क्षेत्र, उद्योग व्यवसायी क्षेत्र नागरीक समाज लगायतका आम सरोकारवाला व्यक्ति तथा निकायसँग समन्वय र सहकार्य गरीनेछ ।

## खण्ड ८
## पाँच वर्षको रणनैतिक कार्ययोजना

सिलीचोङ गाउँ पालिकाको रोजगार रणनीतिक कार्यान्वयन कार्ययोजन

| कार्यक्रम | जिम्मेवार निकाय | सहायक निकाय | समयावधि | कार्यसम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|
| **रणनीतिक १.** आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्ने । | | | | | |
| **कार्यनीति** १.१ गाँउपालिकाभित्र आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान एवं रोजगार सम्बद्ध सेवा तथा सरोकारवालाहरुको नक्सांकन गरिनेछ । | | | | | |
| खण्डीकृत तथ्यांक संकलन गर्ने | पालिका | योजना शाखा | ६ महिना | खण्डीकृत तथ्यांकको उपलब्धता | |
| श्रोत नक्सांकन तयार पर्ने | रो.से.के. | प्राविधक शाखा | ३ महिना | श्रोत नक्सांकन तयार हुन्छ | |
| रोजगार मूलक तालिम संचालन गर्ने | रो.से.के. | योजना शाखा | ४ महिना | शिप विकासहुन्छ | |
| संघीय/प्रदेश तथा अन्य स्थानीय तहसँग समन्वय गर्ने नीति बनाउने। | गाँउ कार्यपालिका | रोसके | ४ महिना | समन्वय नीति तयार हुनेछ | |
| संघीय /प्रदेश सरकारको समन्वयमा | गाँउ कार्यपालिका | रोसके | १ वर्ष | औधौगिक ग्राम | |

| कार्यक्रम | जिम्मेवार निकाय | सहायक निकाय | समयावधि | कार्यसम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|
| औधौगिक ग्राम स्थापना गर्ने | | | | संचालन हुने छ | |
| गरिबी निवारणरणनीति पत्र तयार गर्ने | गाँउ कार्यपालिका | रोसके | ४ महिना | गरिबी निवारणरण नीति पत्र तयार भई कार्यान्वयन आउने। | |
| **रणनीति २: बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति उपलब्ध गराउने ।** | | | | | |
| **कार्यनीति** २ "श्रम बजारको माग अनुसारको सीपयुक्त दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गर्ने" संग सम्बन्धित कार्यनीतिहरु | | | | | |
| सुचना प्रविधि सम्वन्धि प्राविधिक शिक्षा संचालन गर्ने | गाँउपालिका | रोसके | १ बर्ष | स्थानीयलाई सुचना प्रविधिको ज्ञान हुन्छ | |
| वैदेशिक रोजगारी जान चाहानेलाई सीपमूलक तालिम सञ्चालन संचालग गर्ने | रोसेके | योजना शाखा | ६ महिना | दक्ष तथा अर्धदक्ष्य कामदारको तयारी | |
| कृषिलाई आधुनिकीकरण गर्न व्यवसायिककृषि तालिम सम्बन्धि संचालन गर्ने | कृषि शाखा/रोसेके | योजना शाखा | ६ महिना | युवालाई कृषिमा आकर्षित गर्ने | |
| अतिथि सत्कार विषयसंग सम्बन्धित सीप विकासका कार्यक्रमहरु सञ्चालन गर्ने | योजना शाखा | रोसेके | १ बर्ष | पर्यटन क्षेत्रमा द्क्ष्य जनशक्ति उत्पादन | |
| **रणनीति ३. रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउँदै बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराई रोजगारीको हकलाई कार्यान्वयन गर्ने।** | | | | | |

| कार्यक्रम | जिम्मेवार निकाय | सहायक निकाय | समयावधि | कार्यसम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|
| **कार्यनीति** ३.१ "रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउँदै बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराई रोजगारीको हकलाई कार्यान्वयन गर्ने" संग सम्बन्धित कार्यनीतिहरु। | | | | | |
| गैर सरकारी एवं निजी क्षेत्रसंग समन्वय गरी दिगो रुपमा रोजगारी उपलब्ध हुने कार्यक्रम संचालन गर्ने । | रोसेके | योजना शाखा | ६ महिना | रोजगारी उपलब्ध हुने | |
| पालिकाको विकास निर्माण आयोजनाहरुमा समेत बेरोजगार व्यक्तिहरुलाई परिचालन गर्ने । | रोसेके | योजना शाखा | ६ महिना | रोजगारी उपलब्ध हुने | |
| बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रबाट एकीकृत श्रम तथा रोजगारमूलक सेवा उपलब्ध गराईने । | रोसेके | योजना शाखा | ६ महिना | रोजगारी उपलब्ध हुने | |
| स्थानीय एवं राष्ट्रिय स्तरमा उपलब्ध रोजगारीका अवसरहरुको सूचना एवं जानकारी गाँउपालिकाको वेभसाईट वा फेसबुक पेज मार्फत सम्प्रेषण गर्ने व्यवस्था मिलाउने । | रोसेके | सुचना प्रविधि शाखा | ६ महिना | सुचनाको जानकारी हुने | |
| सूचिकृत बेरोजगारहरुलाई आवश्यक सीपमुलक तथा रोजगारमूलक तालिम | रोसेके | योजना शाखा | ६ महिना | रोजगारी उपलब्ध हुने | |

| कार्यक्रम | जिम्मेवार निकाय | सहायक निकाय | समयावधि | कार्यसम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|
| सञ्चालन गर्ने । | | | | | |
| रोजगार मेलाको सञ्चालन गर्ने । | रोसेके | योजना शाखा | १ वर्ष | मेला संचालन भएको हुने छ | |
| रोजगारदाताले कुनै श्रमिकलाई काममा लगाए वापत सरकारले तोकेको ज्याला दर अनुसारको पारिश्रमिक उपलब्ध नगराउने रोजगारदातालाई आवश्यक कानूनी कारवाहीको लागि सम्बन्धित निकायमा पहल गर्ने । | रोसेके | प्रशासन शाखा | ६ महिना | न्यायमा पहुच हुनेछ | |
| ४. वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गर्ने | | | | | |
| ४.१ "वैदेशिक रोजगारीलाईस व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गर्ने" संग सम्बन्धित कार्यनीतिहरु | | | | | |
| वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई लक्षित गरि वैदेशिक रोजगारीका अवसर, चुनौती र जोखिमहरुको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरि | रोसेके | योजना शाखा | ६ महिना | बैदेशिक रोजगारी सम्बन्धि जानकारी प्राप्त हुने छ | |

| कार्यक्रम | जिम्मेवार निकाय | सहायक निकाय | समयावधि | कार्यसम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|
| सचेतना अभिवृद्धि सम्बन्धि कार्यक्रम संचालन गर्ने । | | | | | |
| वैदेशिक रोजगारमा जाने श्रमिकहरुका लागि आवश्यक पर्ने पूर्व प्रस्थान अभिमुखकरण तालिम (Pre- departure Orientation Training) सञ्चालन गर्ने । | रोसेके | योजना शाखा | ६ महिना | दक्ष्य जनशक्तिको उत्पादन हुने छ | |
| वैदेशिक रोजगारीबाट फर्केका पिडितहरुका लागि मनोसामाजिक परामर्श, कानूनी परामर्श, रेफरल सेवा लगायतका अन्य सेवाहरु सञ्चलान गरि पुनः एकीकरण गर्ने सम्बन्धित कार्यक्रम संचालन गर्ने । | रोसेके | योजना शाखा | ९ महिना | विदेशको शिप र ज्ञानलाई स्वदेशमा प्रयोगमा ल्याउने | |
| वैदेशिक रोजगारीमा रहेका श्रमिक र तिनका परिवार लक्षित कल्याणकारी सेवाहरुको वितरणमा आवश्यक सहयोग गरिनेछ । | रोसेके | योजना शाखा | ३ महिना | बैदेशिक रोजगारीमा गएकाहरुको परिवारले सेवा सुविधा प्राप्त गर्ने | |
| वैदेशिक रोजगारीका क्रममा मृत्यु, अंगभंग, स्वास्थ्य उपचार, राहत, उद्दार लगायतका आर्थिक सहायता सम्बन्धी सेवाहरु प्राप्त गर्न सहजीकरण गरिनेछ | कार्यपालिका | रोसेके | १ बर्ष | बैदेशिक रोजगारीमा गएकाहरुको परिवारले सेवा सुविधा प्राप्त गर्ने | |

| कार्यक्रम | जिम्मेवार निकाय | सहायक निकाय | समयावधि | कार्यसम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|
| वैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्वीकृति र पनुः श्रम स्वीकृतिमा सहिजीकरण गर्ने साथै प्रवासी स्रोत उपकेन्द्र स्थापना गरिनेछ । | रोसेके | योजना शाखा | ४ महिना | बैदेशिक रोजगारीमा छिटो छरितो सेवा सुविधा प्राप्त | |
| ५ स्थानीय अर्थतन्त्रलाई गतिशील एवं सुदृढ बनाउन नविन सोंच, सीप र प्रविधिको उपयोग गरि उद्यमशिलताको विकास र प्रवर्द्धन गर्दै स्वरोजगार बनाउने | | | | | |
| ५.१ "स्थानीय अर्थतन्त्रलाई गतिशील एवं सुदृढ बनाउन नविन सोंच, सीप र प्रविधिको उपयोग गरि उद्यमशिलताको विकास र प्रवर्द्धन गर्दै स्वरोजगार बनाउने" संग सम्बन्धित कार्यनीतिहरु | | | | | |
| लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, कार्यक्रम संचालन गर्ने । | रोसेके | योजना शाखा | ४ महिना | लघु तथा साना उधोगको प्रवर्धन भएको हुनेछ | |
| स्वरोजगार हुन चाहने व्यक्तिहरुलाई विभिन्न बैंक तथा वित्तीय संस्था मार्फत सहुलियतपूर्ण ऋण उपलब्ध गराउने व्यवस्था मिलाईनेछ । | रोसेके | योजना शाखा | ६ महिना | उधमशिलताको विकास | |
| स्वरोजगारका लागि उद्यमशीलता विकास तथा व्यवसायिक योजना निर्माणमा सहयोग र सहजीकरण गरिनेछ । | रोसेके | योजना शाखा | ४ महिना | उधमशिलताको विकास | |
| उद्यम व्यवसाय गर्न चाहने युवाहरूलाई | रोसेके | योजना शाखा | ४ महिना | उधमशिलताको | |

| कार्यक्रम | जिम्मेवार निकाय | सहायक निकाय | समयावधि | कार्यसम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|
| व्यावसायिक योजनाको आधारमा स्थानीय स्वरोजगार कोषबाट अनुदान वा सहुलियत पूर्ण ऋण सुविधा उपलब्ध गराईनेछ । | | | | विकास | |
| उद्यम व्यवसाय सञ्चालन गर्न इच्छुक सूचीकृत बेरोजगार व्यक्तिहरुका लागि निःशुल्क व्यवसाय दर्ता गरिनेछ । | रोसेके | पंजीकरण शाखा | ३ महिना | उधमशिलताको विकास | |
| स्थानीय स्तरमा उद्यमशीलता विकास तथा स्वरोजगारमूलक सेवाको विस्तार गरिनेछ । | रोसेके | योजना शाखा | ४ महिना | उधमशिलताको विकास | |

## नतिजा खाका

| क्र.स. | नतिजा सूचक | इकाई | आधार तथ्यांक | लक्ष्य (आर्थिक वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८/०८५ | ०८५/०८६ |
| 1. | न्युनतम रोजगारीमा संलग्न व्यक्ति | जना | १६६ | १७० | १७५ | १८० | १९० | २०० |
| 2. | पूर्वाधार विकासमा रोजगारी गर्ने | जना | १० | १५ | २० | २५ | ३० | ३५ |
| 3. | उत्पादनशील कृषि तर्फ रोजगारी | जना | ४० | ४५ | ५० | ५५ | ६० | ७० |
| 4. | तरकारी खेती तर्फ रोजगारी | जना | २० | २५ | २७ | ३० | ३३ | ३५ |

| क्र.स. | नतिजा सूचक | इकाई | आधार तथ्यांक ०८०/०८१ | लक्ष्य (आर्थिक वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/ ०८२ | ०८२/ ०८३ | ०८३/ ०८४ | ०८/ ०८५ | ०८५/ ०८६ |
| 5. | जडिवुटी तर्फ रोजगारी | जना | ५ | ७ | ९ | ११ | १५ | २० |
| 6. | पशुपालन तर्फ रोजगारी | जना | ७ | १० | १२ | १३ | १४ | १५ |
| 7. | घरेलु तथा साना उधोगतर्फ रोजगारी | जना | ५ | ६ | ७ | ८ | ९ | १० |
| 8. | उधमशिलता तर्फ संलग्न | जना | २ | ३ | ४ | ५ | ६ | ७ |
| 9. | कार्यस्थलमा आधारित तालिम | जना | ० | १ | २ | ३ | ४ | ५ |
| 10. | रोजगार दाताको सम्मान | जना | ० | १ | १ | १ | १ | १ |
| 11. | बैदेशिक परामर्श अभिमुखीकरण | जना | ० | १ | २ | २ | ३ | ५ |
| 12. | बैदेशिक रोजगारबाट फर्केकाको विवरण | जना | ० | १५ | २० | ३० | ४० | ५० |
| 13. | सहुलिय कर्जा लिने व्यक्तिहरु | जना | ० | २ | ४ | ६ | ८ | १० |
| 14. | वित्तीय सक्षरता लिने | जना | ० | ५ | १० | १५ | २० | २५ |
| 15. | स्वयं उद्यमशील | जना | ० | ५ | १० | १५ | २० | २५ |
| 16. | श्रमिक समूह गठन | वटा | ० | १ | २ | ३ | ३ | ३ |

| क्र.स. | नतिजा सूचक | इकाई | आधार तथ्यांक ०८०/०८१ | लक्ष्य (आर्थिक वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/ ०८२ | ०८२/ ०८३ | ०८३/ ०८४ | ०८/ ०८५ | ०८५/ ०८६ |
| 17. | रोजगार दाता विवरण | संख्या | ० | ५० | ५५ | ६० | ६५ | ७० |

# खण्ड ९
# श्रोत परिचालन र बजेट व्यवस्थापन

यो रणनीतिक योजना कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रलाई आवश्यक स्रोत साधनको व्यवस्थापन गाँउ कार्यपालिकाले गर्नेछ। यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि सरकारी क्षेत्र, निजी क्षेत्र, सहकारी, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था एवं अन्य विकास साझेदारहरुको आर्थिक एवं प्राविधिक स्रोत साधन परिचालन गर्नुको साथै समन्वय र सहकार्य समेत गर्न सकिनेछ ।

कार्यक्रमका लागि अनुमानित बजेट निम्म बमोजिम प्रक्षेपण गरिएको छ ।

| क्षेत्र | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | ०८१/०८२ | ०८१/ ०८२ | ०८१/ ०८२ | ०८१/ ०८२ | ०८१/ ०८२ |
| आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने। | २० लाख | ३० लाख | ३५ लाख | ४० लाख | ५० लाख |
| श्रम बजारको माग अनुसारको सीपयुक्त दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गर्ने | ५० लाख | ५५ लाख | ६० लाख | ६५ लाख | ७० लाख |
| रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउँदै बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराई रोजगारीको हकलाई कार्यान्वयन गर्ने। | २५ लाख | ५० लाख | ७५ लाख | ८५ लाख | १ करोड |
| वैदेशिक रोजगारीलाई | ३० लाख | ४० लाख | ५० लाख | ६० लाख | ७० लाख |

| क्षेत्र | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | ०८१/०८२ | ०८१/०८२ | ०८१/०८२ | ०८१/०८२ | ०८१/०८२ |
| व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गर्ने | | | | | |
| स्थानीय अर्थतन्त्रलाई गतिशील एवं सुदृढ बनाउन नविन सोंच, सीप र प्रविधिको उपयोग गरि उद्यमशिलताको विकास र प्रवर्द्धन गर्दै स्वरोजगार बनाउने | २० लाख | ३० लाख | ३५ लाख | ४० लाख | ५० लाख |

## खण्ड- १०
## रणनीतिक योजनाको निर्देशक समिति,अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था

### १०.१ रोजगार रणनीति कार्यान्वयन समिति

यस गाँउपालिकाभित्र रहेका रोजगारीका सम्भावित अवसरहरुको पहिचान गर्न, रोजगार सम्बद्ध सेवा एवं सरोकारवालाहरुको नाकसांकन गर्न, रोजगारीको हकको कार्यान्वयन लगायत रोजगारीका अन्य विषयमा आवश्यक नीति तथा रणनीतिहरुको तर्जुमा गर्ने काम स्थानीय निर्देशक समितिको रहनेछ। तर त्यस्तो नीति तथा रणनीतिसंग सम्बन्धित कार्यनीति एवं कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गर्न देहाय बमोजिमको रणनीति कार्यान्वयन समिति रहनेछ ।

| क्र.स. | पद | जिम्मेवारी |
|---|---|---|
| १. | गाँउपालिका प्रमुख | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. | संयोजकले तोकेका कम्तीमा एक जना महिला सहित दुई जना कार्यपालिका सदस्य | सदस्य |
| ४. | आर्थिक विकास शाखा प्रमुख | सदस्य |

| क्र.स. | पद | जिम्मेवारी |
|---|---|---|
| ५ | सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| ६. | पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| ७ | योजना शाखा प्रमुख | सदस्य |
| ८. | रोजगार संयोजक | सदस्य- सचिव |

## १०.२ निर्देशक समितिको काम, कर्तव्य र अधिकार

स्थानीय रोजगार रणनीति कार्यान्वयन समितिको सचिवालयको रुपमा रोजगार सेवा केन्द्रले कार्य गर्नेछ। समितिको बैठक चौमासिक रुपमा बस्नु पर्नेछ । बैठक बसेको सात दिनभित्र रणनीति कार्यान्वयनको अवस्था एवं सुधार गर्नु पर्ने पक्षहरुको बारेमा स्थानीय निर्देशक समितिलाई जानकारी गराउनु पर्नेछ । समितिले बैठक सम्बन्धी अन्य कार्यविधि आफैले तय गर्न सक्नेछ । रणनीति कार्यान्वयनमा देखिएका समस्याहरुको समाधान गर्न वा आवश्यक अन्य विषयमा स्थानीय रोजगार सम्वाद मञ्चको सल्लाह सुझाव लिन सकिनेछ ।रणनीतिको सफल कार्यान्वयनका लागि रोजगार सम्बद्ध सरोकारवालाहरुसंग छलफल एवं अन्तरक्रिया गरि आवश्यकता अनुसार कार्ययोजना (मासिक, वार्षिक वा दीर्घकालीन) निर्माण गर्नेछ ।

## १०.३ अनुगमन तथा मूल्यांकन

स्थानीय निर्देशक समितिले रणनीति कार्यान्वयनको अनुगमन गरि सो को प्रतिवेदन गाँउ कार्यपालिका समक्ष पेश गर्नेछ। अनुगमन प्रतिवेदनको आधारमा गाँउ कार्यपालिकाको पृष्ठपोषण बमोजिम स्थानीय निर्देशक समितिले रोजगार सम्बद्ध सरोकारवालाहरुसंगको छलफल एवं परामर्शमा रणनीतिमा पुनरावलोकन एवं सुधार गर्न आवश्यक भएमा सुधार गर्नुपर्ने पक्षहरु समेटिएको प्रतिवेदन गाँउ कार्यपालिकालाई पेश गर्नु पर्नेछ। रणनीति कार्यान्वयनबाट पहिचान गरिएका विभिन्न क्षेत्रहरुमा रोजगारीका अवसरहरुमा भएको वृद्धि एवं देखिएको प्रभाव सम्बन्धमा स्थानीय निर्देशक समितिको राय परामर्शमा रणनीति कार्यान्वयन समितिले तेश्रो पक्षबाट रणनीतिको मूल्यांकन वा प्रभाव मूल्यांकन गर्न सकनेछ ।

## खण्ड-११
## जोखिम व्यवस्थापन

### ११.१ सम्भावित जोखिमहरु

- **स्रोत व्यवस्थापन**

  यो रणनीतिक योजना कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रलाई आवश्यक स्रोत साधनको व्यवस्थापन गाँउ कार्यपालिकाले गर्नेछ। यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि सरकारी क्षेत्र, निजी क्षेत्र, सहकारी, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था एवं अन्य विकास साझेदारहरुको आर्थिक एवं प्राविधिक स्रोत साधन परिचालन गर्नुको साथै समन्वय र सहकार्य समेत गर्न सकिनेछ ।

- **जोखिम पहिचान तथा व्यवस्थापन**

  रोजगार रणनीतिक योजना कार्यान्वयन गर्ने क्रममा केहि जोखिमहरु पनि आउन सक्ने सम्भावना रहेको देखिन्छ। रणनीतिक योजना कार्यान्वयनका क्रममा आउन सक्ने सम्भावित जोखिमहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

  क. स्रोतको व्यवस्थापन

  ख. विभिन्न निकायहरु बीच समन्वय र सहकार्य

- **जोखिम व्यवस्थापनका लागि ध्यान दिनु पर्ने कुराहरु**

  १. रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि विकास साझेदारहरुसंग श्रोत व्यवस्थापनको लागि समन्वय र सहकार्य गर्ने,

  २. रणनीतिक योजनामा समावेश भएका क्रियाकलापहरुलाई तहगत रुपमा वर्गीकरण गरि कुन वर्षमा के गर्ने भनि प्राथामिकीकरण गर्ने,

  ३. पालिकाभित्र रोजगारीको क्षेत्रमा काम गर्ने सम्पूर्ण निकाय एवं संघसंस्थाहरु बीच साझा बुझाई कायम गर्ने,

  ४. रणनीतिक योजना कार्यान्वय समितिमा रहेका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने,

  ५. रोजगारीका कार्यक्रम सञ्चालनको लागि आवश्यकता अनुसार विभिन्न निकाय, संघसंस्थाहरुसँग समन्वय, सहकार्य र सम्बन्ध विस्तार गर्ने ।

आज्ञाले
बाबुनन्दन मेहता
प्रमुख प्रशासकीय अधिकृत